का.जि.प्र.का.द.नं. १००/०५९/६०

२१ जेठ २०८१,
सोमबार
3 June 2024,
Monday

मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २२, अंक १११ । पृष्ठ १२ | Madhyanha National Daily | www.madhyanhadaily.com



# ‘सांसद विकास कोष’ बजेटमै समाहित

सांसदका रोजाइका यस्ता कार्यक्रमका लागि सरकारले प्रतिसांसद ५ करोड रूपैयाँसम्म दिएको स्रोतले बताएको छ । सांसदका नाममा दिइने त्यस्तो बजेटका विषयमा शुरुमा नै चर्को विवाद थियो ।

**मनीषा अवस्थी/मध्यान्ह**
काठमाडौं, २० जेठ ।

सर्वोच्च अदालतले रोक लगाएको सांसद विकास कोष चालु आर्थिक वर्षको बजेटमै समाहित भएको खुलेको छ । ‘सांसद विकास कोष’का नामले चिनिने संसदीय क्षेत्र पूर्वाधार विकास कार्यक्रमलाई सांसदको रोजाइका आयोजना अन्तर्गत बजेटमा समावेश गरिएको पाइएको हो । सांसदका रोजाइका यस्ता कार्यक्रमका लागि सरकारले प्रति सांसद ५ करोड रूपैयाँसम्म दिएको स्रोतले बताएको छ ।

सांसदका नाममा दिइने त्यस्तो बजेटका विषयमा शुरु नै चर्को विवाद थियो । विवादकै बीच पनि विगतमा सांसदका निर्वाचन क्षेत्रका आयोजनाका लागि बजेटमार्फत सिधै रकम दिइन्थ्यो । तर सर्वोच्च अदालतले यस्तो कार्यक्रम विकासको अवधारणा र सुशासनको मान्यता प्रतिकूल रहेको भन्दै २०८० भदौ ६ गते अन्तरिम आदेशमार्फत रोक लगाएको थियो ।

स्रोतकाअनुसार आगामी आर्थिक वर्षको वार्षिक बजेटमा शहरी विकास मन्त्रालय अन्तरगत सांसदका योजनामा बजेट छुट्याइएको छ । सांसदका कयौं योजनाका कारण शहरी विकास मन्त्रालयको बजेट नै अस्वभाविक रूपमा ठूलो बन्न पुगेको स्रोतको दाबी छ ।

शहरी विकास मन्त्रालयको नाममा सरकारले आगामी आर्थिक वर्षका लागि ९२ अर्ब ६३ करोड रकम विनियोजन गरेको छ । यो रकम चालू आर्थिक वर्षको तुलनामा झण्डै दोब्बर हुन पुगेको छ । सरकारले चालू आर्थिक वर्ष पनि शहरी विकास मन्त्रालयको बजेट बजेट ६६ अर्ब १७ करोडभन्दा ठूलो ल्याएको थियो । गत २०७९/०८० मा वार्षिक बजेट ५५ अर्ब १ करोड रूपैयाँ छुट्याइएको थियो ।

सर्वोच्च अदालतले नै रोक लगाएको कुरा यसरी बजेटमा समेट्नु लज्जाको विषय भएको टिप्पणी अर्थविद्हरूले गरेका छन् । अर्थविद् डिल्ली खनालले भने, ‘यो लज्जाको विषय हो । अदालतको आदेशको उल्लघन पनि हो । लामो समयदेखि सांसदको गोजीबाट चलिरहेको बजेट सदुपयोग होला भन्ने आश गरिएकोमा सबैले जान्ने गरी अर्को बाटो खोज्नु गलत भयो ।’ तर शहरी विकास

पृष्ठ २ मा

हावाहुरीबाट जोगिने उपायहरु

- घरको संरचना बलियो बनाऔं,
- हावाहुरी चल्न थालेपछि झ्यालढोका थुनौं,
- छानालाई राम्ररी हुक तथा तारले कुसेर बाधौं,
- छतका गमला सुरक्षित रुपमा राखौं,
- जस्तापातालगायतका वस्तुहरु खुला र जथाभावी नछोडौं,
- हावाहुरी चलेमा भागदौंड नगरौं, बिस्तारै सुरक्षित स्थानमा जाऔं,
- सुरक्षित ओत नभेटे थुचुक्क बसेर दुवै हातले टाउको छोपी घोप्टो परौं,
- हावाहुरी चलेको समयमा सवारी साधन रोकेर सुरक्षित स्थानमा बसौं ।

हावाहुरीबाट हुने क्षति कम गर्न पूर्व तयारी एवं सतर्कता अपनाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# सांसद बस्नेतसहित ३५ विरुद्ध मुद्दा



**शिव विक/मध्यान्ह**
काठमाडौं, २० जेठ ।

सहकारीको रकम हिनामिना प्रकरणमा राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)का सांसद गीता बस्नेतसहित ३५ जनाविरुद्ध मुद्दा दर्ता भएको छ ।

नवलपुर सदरमुकाम कावासोतीमा रहेको छिपछिपे उपभोक्ता सहकारी संस्था लिमिटेडमा भएको घोटलाका आरोपीविरुद्ध अदालतमा मुद्दा दायर भएको हो । सांसद बस्नेतसहित ३५ जनाविरुद्ध आइतबार मुद्दा दर्ता भएको हो


जिल्ला प्रहरी कार्यालयले राप्रपाबाट बर्दियाकी प्रतिनिधि सभा सदस्य गीता बस्नेत, बस्नेतका ज्वाइँ नगेन्द्रबाबु रिमाल, सहकारीका व्यवस्थापक बर्दियाकै योगेन्द्र पाण्डे, सहकारीका अध्यक्ष गोपीकृष्ण शर्मा, विनाधितो ऋण लिने बर्दियाकै शिवलाल लामिछानेसहित ३५ जनालाई प्रतिवादी बनाउन सरकारी वकिललाई राय दिएको हो ।

सोही रायअनुसार सरकारी वकिलको कार्यालयले एक हप्ता अनुसन्धान गरेपछि आइतबार सबै ३५ जनाविरुद्ध मुद्दा दर्ता गरेको हो । प्रतिवादी बनाइएकामध्ये रिमाल, पाण्डे, शर्मा, लामिछानेलगायत १० जना हाल प्रहरी हिरासतमा छन् भने सांसद बस्नेतसहित २५ जना फरार रहेको र उनीहरूको खोजी कार्य जारी रहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

प्रहरीले सहकारीमा हिनामिना भएको १६ करोड ५८ लाख ९२ हजार २ सय ६१ रुपियाँ बराबरको

पृष्ठ २ मा

# अडिए माधव नेपाल



कांग्रेससहितको विपक्षी गठबन्धनको बैठकमा सहभागी भएर राजनीतिक तरंग ल्याएका माधव नेपाल तत्कालका लागि नेकपा एमाले-माओवादी गठबन्धनमै रहने भएका हुन् । माधव नेपाल अडिँदा वैकल्पिक सरकार गठनको प्रयास तत्कालका लागि धकेलिएको छ ।

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, २० जेठ ।

वैकल्पिक सरकार गठनको प्रयासमा लागेको नेकपा एकीकृत समाजवादी तत्कालका लागि अडिएको छ । पार्टी भित्रको अन्तरविरोध र भावी राजनीतिक परिस्थितिको मुल्याङ्कन गर्दै एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपालले तत्कलका लागि वर्तमान सत्ता गठबन्धनमै रहेर संघर्ष गर्ने नीति लिएका छन् ।

प्रमुख प्रतिपक्षी नेपाली कांग्रेससहितको विपक्षी गठबन्धनको बैठकमा गएर राजनीतिक तरंग ल्याएका माधव नेपाल तत्कालका लागि नेकपा एमाले-माओवादी गठबन्धनमै रहने भएका हुन् । माधव नेपाल अडिँदा वैकल्पिक सरकार गठनको प्रयास तत्कालका लागि धकेलिएको छ ।

यो सँगै मधेस प्रदेशमा एकीकृत समाजवादीले जनता समाजवादी पार्टी नेपाललाई साथ नदिने भएको छ । शनिवार एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाल र जसपाका प्रवक्ता एवं कार्यकारिणी सदस्य मनिष सुमनसँग भेटवार्ता गरेका थिए । त्यसक्रममा अध्यक्ष नेपालले तत्काल सहकार्य नगर्ने जानकारी गराएका हुन् ।

भेटमा अध्यक्ष नेपालले आफ्नो पार्टी केन्द्र सरकारमा रहेको र अन्य प्रदेशमा पनि सहभागी भएको बताउँदै यस्तो अवस्थामा विपक्षी

पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष

# वैदेशिक रोजगार संघको साधारण सभा असार तेस्रो साता गर्ने तयारी

**मध्यान्ह संवाददाता**
काठमाडौं, २० जेठ

नेपाल वैदेशिक रोजगार व्यवसायी संघले असार तेस्रो साता साधारण सभा गर्ने तयारी गरेको छ। असार १७ गते संघले स्थापना दिवस मनाउने गरेको छ । सोही समयमा साधारण सभा गर्ने संघको गृहकार्य रहेको छ ।

गैर सरकारी संस्थाको साधारण सभा आर्थिक वर्ष समाप्त भएको ६ महिनाभित्र गर्नुपर्ने व्यवस्था भएपनि जेठ तेस्रो हप्तासम्म पनि साधारण सभा नभएपछि संघलाई छाता संस्था मान्दै आएका केही घटक संस्था र स्वतन्त्र व्यवसायीहरूले त्यसबारे चासो देखाउन थालेका छन्। वैदेशिक रोजगार व्यवसायी गणतान्त्रिक मञ्चलगायतका विभिन्न संघसंस्थाले संघलाई नयाँ गति र उर्जा दिन साधारण सभाजस्तो प्रक्रियालाई समयमै सम्पन्न गर्नुपर्ने सुझाव दिँदै आएको मञ्चका अध्यक्ष धनलाल जैसी बताउँछन् ।

यसपटक संघको विधान संशोधनको महत्वपूर्ण काम गर्नुपर्ने भएकाले त्यससम्बन्धी गृहकार्य नसकिएका कारण साधारण सभा केही ढिलो हुने भएको महासचिव मेघनाथ भुर्तेलले जानकारी दिए । महासचिव भुर्तेलले संघको मौजुदा विधानमा परिवर्तन गरी संघ कार्यसमितिको कार्यकालको हालको दुई वर्षे अवधिमा एक वर्ष थप गरी ३ वर्षे बनाउने र संघलाई संघीय संरचनामा लैजाने तथा व्यवसायी भलाइ कोष सञ्चालन गर्ने गरी विधानमा संशोधनको गृहकार्य भइरहेको बताए ।

संघ कार्यसमितिको हालको दुई वर्षे कार्यकालको पहिलो एक वर्ष अध्ययन र दोस्रो वर्षको आधा अवधि अर्को साधारण सभा र निर्वाचनको तयारीमा लगाउनुपर्ने देखिएका कारणले ठोस उपलब्धिमूलक काम गर्न समय नपाएका कारण कार्यकाल थप गर्नु परेको महासचिव भुर्तेलको भनाइ छ । विधान संशोधन भएमा वर्तमान कार्यसमितिले समेत अझै डेढ वर्ष काम गर्न पाउनेछ । उनले संघको विधान र मुलुकमा क्रियाशील अन्य गैरसरकारी संस्थाहरूका विधानमा फरक व्यवस्था रहेकाले त्यसको अध्ययन गरी एकरूपता ल्याउने काम पनि भइरहेको बताए।

संघको विधानमा अध्यक्षको उम्मेदवार हुन कम्तीमा एक कार्यकाल पदाधिकारी भइ काम गरेको हुनुपर्ने प्रावधान छ । पदाधिकारी भन्नाले अध्यक्ष, उपाध्यक्ष, महासचिव, सचिव र कोषाध्यक्ष बुझिने भन्ने विधानमा व्यवस्था छ। उक्त प्रावधानले योग्य व्यवसायीलाई अध्यक्षको उम्मेदवार बन्न रोक लगाइ कार्य क्षमताका दृष्टिकोणले कमजोर भएपनि सीमित पूर्वपदाधिकारी व्यवसायीलाई मात्रै अध्यक्षको उम्मेदवार बन्ने अवसर सिर्जना गरिएको व्यवसायीको आवाज पटक-पटक उठ्ने

पृष्ठ २ मा

## पोखरा पुग्यो श्रमाधान रोजगार मेला

**काठमाडौं/मस–** ‘श्रमाधान रोजगार मेला’ गण्डकी प्रदेशको पोखरा पुगेको छ । कोशी प्रदेशको विराटनगर र मधेश प्रदेशको जनकपुरधामपछि सोमबारबाट गण्डकी प्रदेशको पोखरामा श्रमाधान रोजगार मेला शुरु हुन लागेको हो । मेला श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय गण्डकी प्रदेश र पोखरा महानगरपालिकाको संयुक्त आयोजनामा पोखराको पोखरा इभेन्ट सेन्टरमा हुन लागेको हो ।

मेलाको संयोजन होटल संघ नेपाल (हान) र सहआयोजकमा नेपाल उद्योग वाणिज्य महासंघ, नेपाल चेम्बर अफ कमर्स, नेपाल घरेलु तथा साना उद्योग महासंघ, नेपाल तालिम तथा रोजगार व्यवसायी महासंघलगायतका सरोकारवाला संस्थाहरु रहेका छन् ।

मेलाबारे जानकारी दिन श्रम तथा रोजगार कार्यालय पोखरामा आयोजित पत्रकार सम्मेलनमा श्रम मन्त्रालयका उप सचिव शारदा भण्डारीले मेलाको तयारी अन्तिम चरणमा पुगेको बताइन् ।

आन्तरिक रोजगारी प्रवर्द्धन र वैदेशिक रोजगारीलाई सुरक्षित बनाउने, श्रम र रोजगारको

पृष्ठ २ मा

# अदालती फैसलाप्रति सभामुखको टिप्पणी

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २० जेठ ।

कार्यपालिका, व्यवस्थापिका र न्यायपालिका एक/अर्काबीच सहजकर्ता, अनि नियन्त्रणकर्ता पनि हुन् । यी तीन अंगका बीचमा शक्ति पृथकीकरण र सन्तुलनका सिद्धान्त लागू हुने विश्वास संसदीय लोकतन्त्रमा गरिन्छ । तर, सभामुख देवराज घिमिरेले कार्यपालिका र व्यवस्थापिकाका निर्णयमा सम्बन्धमा दीर्घकालीन असर नहेरी न्यायलयले फैसला गर्ने गरेको गम्भीर टिप्पणी गरेका छन् ।



सभामुख देवराज घिमिरेले कार्यपालिका र व्यवस्थापिकाका निर्णयमा सम्बन्धमा दीर्घकालीन असर नहेरी फैसला गर्ने गरेको गम्भीर टिप्पणी गरेका हुन् ।

शनिबार नेपाल बार एशोसिएसशनको उच्च अदालत इकाइ विराटनगरले आयोजना गरेको ‘प्रचलित कानुनी व्यवस्थाहरुको प्रयोगमा देखिएको समस्या तथा समाधान विषयक अन्तक्रियामा बोल्दै उनले पछिल्लो समय न्यायपालिकाले असर नहेरी फैसला गर्ने गरेको टिप्पणी गरेका हुन् । राज्यका तीन अंगबीच एकले अर्कालाई छल्न खोज्ने प्रवृति देखिएको बताए ।

‘अहिले आएर के देखापरेको छ भने प्राय सबै कुराहरुमा न्यायपालिकामा जाने र न्यायापालिकाले के कुरा हेर्ने के नहेर्ने, त्यसको इन्प्याक्ट के हुन्छ ? सिद्धान्तका आधारमा के मा इन्टरफेयर (हस्तक्षेप) गर्ने कि नगर्ने भन्ने कुरा नहेरी भटाभटी डिसिजन गर्ने गरेको छ ।’

सभामुख घिमिरेले कार्यपालिका, व्यवस्थापिका र न्यायपालिका एकले अर्कालाई कसरी छल्न सकिन्छ भन्नेमा मात्र लागेको टिप्पणी गरे ।

‘यो नहुनुपर्ने कुरा भएको छ, यी तीनवटा एक अर्कामा सहयोगी र एक अर्कामा मिलेर देशको शासनलाई, खासगरी विधिको शासनलाई प्रभावकारी बनाउनुपर्छ’ उनले भने ।

‘कार्यपालिका सम्भव भएसम्म व्यवस्थापिकालाई छलेर अगाडि जानलाई

पृष्ठ २ मा

मध्यान्ह
www.madhyanhadaily.com
२१ जेठ २०८१, सोमबार
3 June 2024, Monday

# कांग्रेस अर्घाखाँचीका नेताहरुले दिए परीक्षा

**सूर्यप्रसाद भुसाल/मध्यान्ह**
अर्घाखाँची, २० जेठ

नेपाली कांग्रेस प्रदेश सभा 'क' र 'ख'ले अर्घाखाँचीमा नेताहरुलाई परीक्षा लिएको छ। सन्धिखर्कमा सम्पन्न भएको परीक्षा जिल्ला तहका नेताहरु केन्द्रीय स्तर र प्रदेश स्तरका नेताहरुलाई परीक्षा लिएको हो। परीक्षाको तयारी पार्टी प्रदेश सभा 'क' र 'ख' ले प्रश्नपत्र तयार गरी परीक्षा लिएको प्रदेश सभापति हेमन्त बेल्वासेले बताए।



यस्तो परीक्षा जिल्लाका नेता, केन्द्रका नेता, प्रदेशका नेता, पालिकाका नेताहरु, पार्टीका शुभेच्छुकहरुलाई लिएको र अब कार्यकर्तालाई परीक्षा लिने अनिवार्य व्यवस्था गर्न लागिएको सभापति बेल्वासेले बताए।

साथै बैठकले पालिका स्तरमा पार्टी र जनप्रतिनिधिबीच अन्तरक्रिया गरी जनप्रतिनिधिको कामलाई प्रभावकारी बनाउने, जिल्लास्थित जनसंगठनका बैठक सञ्चालन गर्ने जनसंगठनलाई गतिशील र चलायमान बनाउने लगायतका पार्टी जीवनमा महत्व राख्ने विभिन्न निर्णय गरेको कांग्रेस प्रदेश सभा 'क'का सभापति राजेश पन्थीले बताए।

बैठकमा मन्तव्य राख्दै नेपाली कांग्रेसका पूर्व केन्द्रीय सदस्य रेवती प्रसाद भुसालले वर्तमान सरकारको आयु लामो नरहेको बताए। उनले नेपाली जनताको ठूलो बलिदान, त्याग र संघर्षबाट प्राप्त उपलब्धी माथि पुनरुउत्थानवादी र यथास्थितिवादीले गिद्ध दृष्टि लगाएको भन्दै उपलब्धिको रक्षा र संस्थागत विकासको निम्ति सबै अग्रगामी शक्तिकोबीच एकताको खाँचो रहेको बताए।

भुसालले संविधानको रक्षा,गणतन्त्रको संस्थागत विकास एवं विकास र समृद्धि नेपाली कांग्रेसबाट मात्र सम्भव भएको भन्दै पार्टी निर्माणको काममा जुट्न सबैको ध्यानाकर्षण गराए।

कार्यक्रममा मन्तव्य राख्दै नेपाली कांग्रेसका पूर्व केन्द्रीय सदस्य बालकृष्ण पाण्डेले मुलुकमा राजनीतिक परिवर्तन भएपनि आर्थिक,सामाजिक र सांस्कृतिक रुपान्तरण हुन नसकेको बताए। पाण्डेले सामाजिक न्यायसहितको विकास र समृद्धि अहिलेको टड्कारो आवश्यकता भएको बताए।

कार्यक्रममा मन्तव्य राख्दै कांग्रेस प्रदेश सहमहामन्त्री बिष्णु खनाल मुस्कानले उच्च मनोबलका साथ पार्टी काममा जुट्न कार्यकर्तालाई आग्रह गरे। मुस्कानले नेता तथा कार्यकर्ताको आनिवानी, कार्यशैली र समाज प्रतिको दायित्वबारे जनताले प्रत्येक दिनको हिसाब राख्ने भन्दै मन, वचन र कर्मले समाज रुपान्तरणको दिशामा जुट्न र आफुलाई रुपान्तरण गरेर अगाडि बढ्न नेता तथा कार्यकर्तालाई आग्रह गरे।

कार्यक्रममा नेपाली कांग्रेस अर्घाखाँचीका सभापति केशव श्रेष्ठ, पूर्व सभापति पिताम्बर भुसाल, कमल प्रसाद भुसाल, नेपाली कांग्रेसका लुम्बिनी प्रदेश सदस्य शान्ता भण्डारी, नेपाली कांग्रेस अर्घाखाँचीका उपसभापतिहरु विष्णु प्रसाद भुसाल, बाबुराम पौडेल, सचिव कृष्णप्रसाद खनाल, अच्युत गौतम, जिल्ला कोषाध्यक्ष विष्णु क्षेत्री, सहसचिव कमल पौडेल, महासमिति सदस्य लेखनाथ पोखेल, निर्मला क्षेत्री, महाधिवेशन प्रतिनिधि सुर्य प्रसाद अधिकारी, चन्द्रा गैरे, लक्ष्मी श्रेष्ठ, शितगंगा नगरपालिकाका नगरप्रमुख छबिलाल पौडेल, छत्रदेवका अध्यक्ष चन्द्रमान श्रेष्ठ लगायतका पार्टीका नेताहरुले परीक्षामा भाग लिएका थिए।

कार्यक्रममा सन्धिखर्क नगरपालिका सभापति बाबुराम भुसाल, शितगंगा नगर सभापति मोहन पन्थी, भूमिका स्थानका सभापति खडानन्द बेल्वासे, मालारानीका सभापति शोभाखर खनाल, छत्रदेव सभापति प्रकाश राज पन्थी, पाणिनी सभापति तुल्सीराम पौडेल, प्रेस युनियनका सभापति लक्ष्मण घिमिरेले समग्र पालिकाको संगठन, भावी रणनीतिका बारेमा कार्यपत्र प्रस्तुत गरेका थिए। नेताहरूलाई ८ वटा प्रश्न दिइएको थियो भने कार्यक्रम प्रदेश सभा 'क' सभापति राजेश पन्थीको अध्यक्षता, 'ख'का सभापति हेमन्त बेल्वासेले सञ्चालन गरेका थिए। कार्यक्रममा बाबुराम भुसालले स्वागत मन्तव्य राखेका थिए।

# 'समाजवाद ल्याउनुपूर्व समाजलाई चिन्न आवश्यक'

**काठमाडौं/मस**-नेपाल प्रज्ञा-प्रतिष्ठान सामाजिकशास्त्र विभागले आयोजना गरेको दुई दिने 'सामाजिकशास्त्र वार्षिक संगोष्ठी सम्पन्न भएको छ। 'राजनीतिक परिवर्तन र नेपाली समाज' मुख्य विषय रहेको उक्त संगोष्ठीमा सामाजिकशास्त्रको पठनपाठनमा राष्ट्रिय चिन्तन, इतिहास र समाज, द्वन्द्व र शान्ति निर्माण प्रक्रियामा समाज, सामाजिक विभेद र उत्पीडनले पारेका प्रभावलगायत १३ ओटा विभिन्न विषयका लेख/रचना गोष्ठीमा प्रस्तुत गरिएको थियो।



लेखकहरूको लागि सूचना आह्वानपछि प्राप्त गरिएका सोधमूलक ५८ओटा लेखहरूमध्येबाट प्राज्ञिक मूल्याङ्कन समितिले गोष्ठीका लागि २२ वटा अनुसन्धानात्मक लेखहरू छनोट गरेको थियो।

प्रज्ञा-प्रतिष्ठानका कुलपति भूपाल राईले उक्त संगोष्ठीलाई सम्बोधन गर्दै समाज, राजनीति, अर्थशास्त्र र मानिसको चिन्तन प्रणालीसँग समाजशास्त्र गाँसिएको बताए। समाजवाद उन्मुख संविधानप्रदत समाजवाद ल्याउन सबभन्दा पहिले समाजलाई चिन्न सक्नुपर्ने उनले बताए।

प्रज्ञा-प्रतिष्ठानका उपकुलपति विमलकृष्ण श्रेष्ठ 'विमल निभा'ले समाजका तमाम पक्षको अध्ययन गरेर मात्रै सबै विषयमा अघि बढ्न सकिने बताए।

प्रज्ञा-प्रतिष्ठानका सदस्य-सचिव डा.धनप्रसाद सुवेदीले समाजको अध्ययन गर्ने दायित्व प्रतिष्ठानको पनि रहेकाले समाजका विविध पक्षको अध्ययन गर्नका लागि सामाजिकशास्त्र संगोष्ठीको आयोजना गरिएको बताए।

उक्त संगोष्ठी उद्घाटन सत्रका सभाध्यक्ष, प्रज्ञा- प्रतिष्ठानका प्राज्ञ परिषद् सदस्य तथा सामाजिकशास्त्र विभाग प्रमुख डा.कौशिला रिसालले नेपालको राजनीतिक इतिहासमा अनेकौँ घटनाक्रम जोडिने बताइन्।

समाजशास्त्रीय दृष्टिकोणबाट हेर्दा समाज सदैव गतिशील र परिवर्तनशील रहेको उनले बताइन्।

यस संगोष्ठीलाई पहिलो र दोस्रो सत्रमा विभाजन गरिएको थियो। यी दुवै सत्रमा क्रमशः २२ वटा अनुसन्धानात्मक लेख प्रस्तुत गरिएको थियो। जसमा प्रा.डा. दीपबहादुर अधिकारीको 'नेपाली समाज र जनस्वास्थ्य',कुमार यात्रु /टासी लामाको आदिवासी ह्याल्मोको प्रथाजन्य स्वशासन पद्धति, डा. सोमबहादुर धिमालको नेपालका आदिवासीमा जीवित संग्रहालयको सम्भावना र औचित्य, तुलसी सापकोटाको नेपालमा कोरोना महामारी कालमा सञ्चारसंस्थाको पत्रकारमैत्री रणनीतिको सामाजिकशास्त्रीय अध्ययन, भोजविक्रम बुढामगरको नेपाली राजनीतिमा मगर जातिको समावेशिकरणको अवस्था, कृष्णकुमार शाहको मधेस प्रदेशको राजनीतिमा सीमान्तकृत दलित, दामोदर न्यौपानेको योग र प्राकृतिक चिकित्सा, गौरी तमूको 'तमूको राजनीति परिवर्तन जनजातिका पहिचानका आधारहरू, मकरबहादुर सार्कीको सामाजिक विभेद र उत्पीडनले पारेका प्रभावहरू, सन्तोष चोङवाङ लिम्बूको संघीय नेपालमा एकीकृत बहुभाषा योजना र आवश्यकता विषयक लेख प्रस्तुत गरेका थिए।

यसैगरी गङ्गा पुन, डा. पुनम आर एल राना, डा. शशी थापा पण्डित, डा. श्यामु थापा मगर, डा. सुरेशकुमार ढकाल, डा.देवी पौडेल, हिक्मतबहादुर खत्री, केशव पुडासैनी विमल, डा. विष्णुराज उप्रेती, योगी दयानाथ,

हरि रोका, केशवराज सिलवाल, धर्मेश पोखरेलले विभिन्न शीर्षकका लेखहरू गोष्ठीमा प्रस्तुत गरेका थिए।

# भ्रष्टाचार अभियोगमा मुद्दा दायर

**काठमाडौं/मस**-अख्तियार दुरुपयोग अनुसन्धान आयोगले धनुषा शहिदनगर नगरपालिकाका तत्कालीन प्रमुख प्रशासकीय अधिकृत सावनकुमार चौधरीसहित तीन जनाविरुद्ध विशेष अदालतमा मुद्दा दायर गरेको छ।

विद्यालयको पर्खाल निर्माणकार्य सम्पन्न पश्चात् भुक्तानी दिने क्रममा सेवाग्राहीसँग रु एक लाख बराबरको घुस लिँदै गरेको अवस्थामा आयोगको टोलीले पक्राउ गरेको थियो। यस्तै, आयोगको टोलीले रु एक लाख ७५ हजार बराबरको चेकसमेत नियन्त्रणमा लिएको थियो।

आयोगले प्रमुख प्रशासकीय अधिकृत सावनकुमार चौधरी, प्रतिवादी रमेशप्रसाद चौधरी र गुरुदेव यादवविरुद्ध समान दुई लाख ७५ हजार बराबरको बिगो दावी गर्दै मुद्दा दायर गरेको आयोगका सहायक प्रवक्ता देवीप्रसाद थपलियाले जानकारी दिए।

## सांसद...

मन्त्रालयले भने उक्त बजेट योजना बढेअनुसार स्वभाविक भएको दाबी गरेको छ। शहरी विकास मन्त्री धनबहादुर बुढाले यो बजेट त्यति अस्वभाविक नभएको दाबी गरे। उनले भने, 'यो बजेट त्यति अस्वभाविक होइन।'

सांसद विकास कोषको अवधारणा दुइ दशक पहिले नै शुरु भएको हो। २०५१ सालमा मनमोहन अधिकारी प्रधानमन्त्री हुँदा आफ्नो क्षेत्र विकास निर्माण गर्न सांसदले आफ्नो निर्वाचन क्षेत्रका लागि केही बजेट छुट्याउने अवधारणा बनेको थियो। सोही अनुरुप आर्थिक वर्ष २०५२/५३ मा प्रतिनिधि सभा र राष्ट्रिय सभाका लागि प्रति निर्वाचन क्षेत्रमा साढे २ लाखका दरले खर्च गर्न बजेट छुट्याए। त्यसपछि उक्त कार्यक्रमले निरन्तरता पाएको हो।

आव २०५३/५४ देखि महतले दुवै सदनका सांसदले आफ्नो निर्वाचन क्षेत्रमा विकास गर्न ४-लाखको दरले खर्च गर्न पाउने व्यवस्था गरिएको थियो। आव २०५५/५६ मा सरकारले उक्त कार्यक्रम खारेज गरेको थियो। तर, अर्को वर्ष नै ब्युँतिएको उक्त कार्यक्रमका लागि आव २०५७/५८ मा रकम दोब्बर भयो। त्यसपछि २०५९ मा प्रतिनिधिसभा विघटन भएपछि पुनः खारेज भएको थियो। त्यसपछि भएका स१चा परिवर्तनका अभ्यासमा कहिले रोकिने र कहिले आउने भएको थियो।

त्यसपछि २०६६/६७ बजेटमा ६ सय १ संविधानसभा सदस्यले १०/१० लाख रुपैयाँ आफूले चाहेको निर्वाचन क्षेत्रमा खर्च गर्न पाउने गरी बजेट विनियोजन भयो। त्यसपछि फेरी आर्थिक २०६८/६९ मा अर्थमन्त्री भरतमोहन अधिकारीले उक्त कार्यक्रम खारेज गरे। आव २०७१/७२ देखि भने सांसद विकास कोषको नाम नै फेर्दै निर्वाचन क्षेत्र पूर्वाधार विशेष कार्यक्रम मार्फत प्रति निर्वाचन क्षेत्र १ करोड १५ लाख बजेट विनियोजन भएको थियो।

आर्थिक वर्ष २०७३/७४ मा निर्वाचन क्षेत्र पूर्वाधार विशेष कार्यक्रमका लागि ३-३ करोड रुपैयाँ विनियोजन भयो। आर्थिक वर्ष २०७६/७७ मा आइपुग्दा उक्त रकम ६-६ करोड पुग्यो। त्यसपछि केपी शर्मा ओलीले संसद नै बिघटन गरेका बेला तत्कालीन अर्थमन्त्री विष्णु पौडेलले पउक्त कार्यक्रम खारेज गरे।

आर्थिक २०७९/८० सम्म निरन्तरता पाएको उक्त कार्यक्रमका लागि चालू आर्थिक वर्षमा अर्थमन्त्री डा. प्रकाशशरण महतले प्रत्येक संघीय निर्वाचन क्षेत्रका लागि ५-५ करोड रुपैयाँ विनियोजन गरेका थिए। तर, चालू आर्थिक वर्षमै सवौच्च अदालतले उक्त कार्यक्रम रोक्न आदेश दिएको हो।

## अडिए...

गठबन्धनलाई सघाउन नमिल्ने बताएका हुन्। त्यसक्रममा उनले आफ्नो पार्टीभित्र पनि समस्या भएको बताए। नेताहरुका अनुसार अध्यक्ष नेपालले भनेका छन्, 'मधेस प्रदेशको विपक्षी गठबन्धनमा जसपा नेपाललाई सघाउन पार्टीमा नेताहरूले नमान्ला जस्तो छ, अरू पार्टीभन्दा हाम्रो पार्टीको अवस्था अलि फरक रहेका कारण समर्थन गर्न गाह्रो हुने भयो।'

मधेस प्रदेशमा जसपा नेपालका मुख्यमन्त्री यादवले जेठ २३ गते विश्वासको मत लिँदैछन्। तर, एमाले र माओवादी केन्द्रको नेतृत्वको सत्ता गठबन्धनले मधेश प्रदेशमा जनमत पार्टीको नेतृत्वमा सरकार बनाउने निर्णय लिएको छ। जहाँ एकीकृत समाजवादी समेत सहभागी हुनेछ। आइतबार सार्वजनिक कार्यक्रममार्फत एकीकृत समाजवादीका अध्यक्ष नेपालले कांग्रेसका सभापति शेरबहादुर देउवाससहितका प्रतिपक्ष दलका नेताहरुसँगको भेटलाई लिएर आत्तिनुपर्ने बताए। अर्थात, अर्को गठबन्धमा आफू नरहेको सन्देश दिन खोजे।

अध्यक्ष नेपालले सबैले नेताहरुसँग भेट गर्न र सम्पर्क बढाउन पाउने बताए। उनले सरकारमा कुनै असमझदारी नबनाउन आफूले यसबारेमा प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डलाई जानकारी गराएको पनि बताए।

'हामी एउटा महत्वपूर्ण घटक भएको हुनाले हामी त्यो बैठकमा सहभागी भयौं। सबैले नेताहरुसँग सम्पर्क गर्न पाउँछन्। हामी पनि पाउँछौं। अन्यथा रुपमा कसैले आत्तिनुपर्ने आवश्यकता छैन्' नेपालले भने।

## सांसद...

बिगो, जरिवाना, हर्जना र जेलसजाय मागदाबी गर्न सरकारी वकिलको कार्यालयलाई राय दिएको छ। यसअघि सहकारी रजिष्टारको कार्यालय गण्डकीले पनि यति नै रकम हिनामिना गरेको प्रतिवेदन बुझाएको थियो।

रकम हिनामिनामा मुख्य योजनाकार हालका व्यवस्थापक योगेन्द्र पाण्डे देखिएको प्रहरी र सहकारी रजिष्ट्रारको कार्यालयको अनुसन्धानमा उल्लेख छ। ७ वर्षसम्म सहकारीको अध्यक्ष र व्यवस्थापक रहेका पाण्डेले आफू निकटका व्यक्तिलाई विनाधितो ऋण प्रवाह गरेको अनुसन्धानमा संलग्न अधिकारीहरु बताउँछन्।

## वैदेशिक...

गरेको छ। तर विधान संशोधन नहुँदा त्यसको सम्बोधन भएको छैन। महासचिव भुर्तेलले विधानका धेरै दफाहरू एकआपसमा बाझिएका र अध्यक्षको उम्मेदवार बन्ने मापदण्ड पनि समयसापेक्ष नरहेको धेरैतिरबाट सुझाव आएकाले त्यसमा पनि गृहकार्य भइरहेको बताए।

## पोखरा...

क्षेत्रमा रहेका बहुआयामिक समस्याहरुलाई एकद्वार प्रणालीबाट सम्बोधन गर्दै रोजगारीका लागि अनुकूल वातावरण सिर्जना गर्नु मेलाको उद्देश्य रहेको उनको भनाइ छ। मेलामा रोजगार दिने र रोजगारी खोज्नेहरुबीच प्रत्यक्ष भेट हुने र रोजगारी सिर्जनाको वातावरण उपलब्ध हुने उपसचिव भण्डारीले बताइन्।

मेलामा बायोडाटा निर्माण सिकाइ, रोजगारदाता, वैदेशिक रोजगार तथा कल सेन्टर बुथलगायतका कम्तीमा ३५ वटा स्टल तथा बुथहरु हुने बताइएको छ। श्रमाधान रोजगारको संयोजकसमेत रहेकी उपसचिव भण्डारीले मेलाले बाध्यात्मक वैदेशिक रोजगारी कम गर्न सहयोग पुग्ने बताइन्। 'मेलाले आजको भोलि नै देशभित्रै रोजगारी दिन्छ भन्ने होइन। यो शुरुवात हो। यसबाट बाध्यताले वैदेशिक रोजगारीमा जाने नेपाली दाजुभाइको बाध्यता विस्तारै कम गर्ने सरकारको उद्देश्य हो। यो शुरुवात मात्रै हो,' भण्डारीले भनिन्।

उता आइतबार सम्पन्न मधेश प्रदेश श्रमाधान रोजगार मेलामा करिब ६ हजारले अवलोकन गरेका छन्। दुई दिनको अवधिमा रोजगारीको खोजीमा मेला स्थल पुगेका करिब २ हजार युवाले रोजगारीका लागि आवेदन दिएका छन्। मेलामा रोजगारीका लागि होटलतर्फ १०५ जना, अटोमोबाइल क्षेत्रमा ३५, बैंकमा २७ र सेक्युरिटगार्डतर्फ ८० जना गरी जम्मा २ सय ४७ जना आवेदकहरुलाई अन्तर्वार्ताका लागि बोलाइएको छ।

देशका सातै प्रदेशमा हुने श्रमाधान रोजगार मेला बागमती प्रदेशको ललितपुरमा जेठ ३० गते समापन हुनेछ। नेपाल उद्योग वाणिज्य महासंघ, नेपाल उद्योग परिसंघ, नेपाल चेम्बर अफ कमर्स, नेपाल तालिम तथा रोजगार व्यवसायी महासंघ र होटल संघ नेपाल मेलाको सहआयोजकका रुपमा रहेका छन्। अन्तर्राष्ट्रिय श्रम संगठन (आईएलओ), सुरक्षित आप्रवासन सूचना तथा परामर्श केन्द्र (सामी) र वैदेशिक रोजगारबाट फर्किएका व्यक्तिको पुनःएकीकरण परियोजना (रेमी)ले पनि मेलामा विशेष सहयोग गरेका छन्।

## अदालती...

सजिलो हुन्छ जस्तो गर्छ, न्यायापालिका सम्भव भएसम्म कार्यपालिका र व्यवस्थापिकाको अधिकारलाई आफ्ना निर्णयहरु गरेर जान चाहन्छ' सभामुख घिमिरेले भने। उनले पछिल्लो समय संसद कानुन निर्माणमा लाग्न नपाएको बताए। संसदले सरकारको काम हेर्ने र निर्देशन गर्ने काम गर्न नसकेको उनको स्वीकारोक्ति छ।

राज्य सञ्चालनमा त्यसरी एक अंगले अर्कालाई सन्तुलनमा राखुन र जाँच-सन्तुलन गरून् भन्ने मान्यता राखिन्छ। कानुनविपरीत गएको खण्डमा कारबाही गरून् भन्ने अवधारणाअनुरूप शक्ति पृथकीकरण र सन्तुलनका सिद्धान्त लागू गरिन्छ।

कुनै एक अंगमा राज्यको असीमित शक्ति र अधिकार केन्द्रित गरिनु हुन्न भन्ने मान्यता राखिन्छ। यदि त्यसरी केन्द्रीकृत हुँदा दुरुपयोग हुन्छ र राज्य सञ्चालन अनियन्त्रित हुन पुग्छ। कुनै एक निकाय स्वेच्छाचारी बन्दा अरू अंगको उपस्थितिमै संकट पैदा हुन्छ।

तर, सभामुख घिमिरेले कार्यपालिका र व्यवस्थापिकाका निर्णयमा सम्बन्धमा दीर्घकालीन असर नहेरी फैसला गर्ने गरेको भनेर गम्भीर टिप्पणी गरेका हुन्।

# गौर नगरपालिकामा कृषि एम्बुलेन्स सञ्चालन



**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, २० जेठ

रौतहटको गौर नगरपालिकाले कृषि एम्बुलेन्स सञ्चालनमा ल्याएको छ। किसानले उत्पादन गरेका उपज तथा पशुपन्छी ओसारपसार गर्ने उद्देश्यले गौर नगरपालिका कृषि एम्बुलेन्स सञ्चालन ल्याएको नगरप्रमुख शम्भु साहले बताए। कृषि एम्बुलेन्स सञ्चालनपछि किसानलाई सहज हुने गौर नगरपालिकाले विश्वास लिएको छ।

# कोशी प्रदेशको नीति तथा कार्यक्रम सार्वजनिक हुँदै

**विराटनगर/मस**-कोशी प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८१/८२ को नीति तथा कार्यक्रम आज सार्वजनिक गर्ने भएको छ। कोशी प्रदेशका प्रमुख परशुराम खापुङले अपराह्न ४ बजे कोशी प्रदेश सभालाई सम्बोधन गर्ने कार्यक्रम तय भएको प्रदेशसभा सचिवालयका सूचना अधिकारी निरोज ढकालले जानकारी दिए।

# स्थानीय सरकार युवामैत्री बन्न नसकेको गुनासो

**सन्तोष पौडेल/मध्यान्ह**
बर्दिया, २० जेठ

बर्दियामा आयोजित एक कार्यशालाका सहभागी युवाहरुले लोकतन्त्रको स्थापना भएको १८ वर्ष पुग्दासमेत स्थानीय सरकार अझै पनि युवामैत्री बन्न नसकेको गुनासो गरेका छन्। उनीहरुले स्थानीय तहको योजना निर्माण प्रक्रियामा युवाहरुलाई सहभागी नगराइएकोमा चिन्तासमेत व्यक्त गरे।

प्लान इन्टरनेशनल नेपालको सहयोगमा सञ्चालित सशक्त बालिका परियोजना अन्तर्गत राधाकृष्ण थारु जनसेवा केन्द्र, बर्दियाको आयोजनामा बर्दियाको गेरुवा गाउँपालिकामा आयोजित युवा सहभागिता कार्यढाँचा निर्माणको पहलका लागि स्थानीय सरकारसँगको एकदिने कार्यशालामा उनीहरुले यस्तो गुनासो र चिन्ता व्यक्त गरेका हुन्।

कार्यशालामा बोल्दै विकासप्रेमी युवा समूह गेरुवाकी सचिव लंकेश्वरी खत्रीले युवाहरुलाई देश विकास, समृद्धि तथा प्रगतिका संवाहक मानिए पनि व्यवहारमा त्यस्तो नभएको बताइन्। उनले भनिन् 'युवालाई स्थानीय तहदेखि नै शासन प्रणालीमा जोड्दै, उनीहरूको सक्रिय सहभागिता, संलग्नता र सहकार्यमा स्थानीय तहको विकासमा नयाँ आयाम थप्न सकिन्छ। यसतर्फ सबैको ध्यान जानु आवश्यक छ,' उनले भनिन्।

कविला युवा क्लबका सचिव सञ्जय चौधरीले युवासँग सम्बन्धित क्षेत्रगत विषयवस्तु जस्तै शिक्षा, स्वास्थ्य, रोजगारी, सीप तथा क्षमता अभिवृद्धि, गोपनियता, लैङ्गिक समानता लगायतको योजना निर्माण, बजेट विनियोजन, कार्यान्वयन गर्न स्थानीय सरकारलाई आग्रह गरे।

यता गेरुवा गाउँपालिका अध्यक्ष जमान सिंह केसीले युवालाई प्राथमिकतामा राखेर नै गाउँपालिकाले काम गरिरहेको दाबी गरे। 'युवाहरूलाई रोजगारीमुलक सीप तथा प्राविधिक सहयोग दिएर स्थानीयस्तरमा नै स्वरोजगार बनाउने प्रयासमा गाउँपालिका लागिरहेको छ,' उनले भने।

नीतिगत समस्याका कारण पालिकाको योजना तर्जुमामा युवाहरुलाई संरचनात्मकरुपमा सहभागी गराउन समस्या भएको बताउँदै अध्यक्ष केसीले बस्तीस्तरको योजना छनोटमा युवाहरुलाई सक्रियपुर्वक लाग्न आग्रह गरे। उनले भने, 'युवाहरुसँग हातेमालो गर्न, सहकार्य गर्न गाउँपालिका तयार छ।'

स्थानीय तहको योजना निर्माण प्रक्रियामा विकासको आधारशीलाको रूपमा रहेका युवाको अर्थपूर्ण सहभागिता बढाउँदै स्थानीय तहको आवश्यकता र प्राथमिकताको आधारमा युवासँगको सहकार्यलाई व्यवस्थित र प्रभावकारी बनाउने उद्देश्यले कार्यशालाको आयोजना गरिएको थियो।

सहजकर्ता कृष्ण पाण्डेले सहजीकरण गरेको कार्यशालामा गाउँपालिका अध्यक्ष केसी, उपाध्यक्ष लक्ष्मी कुमारी चौधरी, प्रमुख प्रशासकीय अधिकृत नरबहादुर चन्द, ६ वटै वडाका अध्यक्षहरु, कार्यपालिका सदस्यहरु, प्रतिनिधिमुलकरुपमा गेरुवा गाउँपालिकाका विभिन्न क्लब तथा सञ्जालका युवाहरुलगायत सञ्चारकर्मीहरुको उपस्थिति रहेको थियो।

**Invitation for Quotations**

**Sigas Rural Muncipality**

**Office of the Rural Municipal Executive**

**Garje, Baitadi**
**Sudurpaschim province, Nepal**

**Date of publication: 2081/02/21 (3rd Jun, 2024)**

**The Sigas Rural Municipality invites sealed quotations for the Procurement of following two Projects through Ebidding Process.**

1. Eligible Bidders may obtain further information at our office **website at sigasmun.gov.np or may visit PPMO website www.bolpatra.gov.np**
2. **Bidders should deposit the cost of bidding document in the following account**
**Name of the Bank: Agricultural Development Bank, Sigas Branch Baitadi.**
**Name of Office: Sigas Rural Municipality Office Code no. : 80107346**
**Office Account no.: 0826601983059031 (Aantarik Rajaswa khata)**

Note: (As mentioned in clause 49ka of PPR 2064 clause 49ka ,add more relevant information as per required)

**Details work**

| sn | Contract no | Description of work | Estimated WITH VAT Amount( Nrs) | Bid Security Amount (Nrs) | Bid submission last date | Bid Open date and time |
|---|---|---|---|---|---|---|
| 1 | SRM/ GOODS/ SQ/BKSB-02/2080/81 | **Procurement of Steel parts & fixtures of Borella kausadi Suspended Bridge** | **1568570.83** | **39000** | 2081/3/04 (18th Jun, 2024) 12:00 am | 2081/3/4(18th Jun, 2024) 2:00 pm |
| 2 | SRM/ GOODS/ SQ/CSB-03/2080/81 | **Procurement of Steel parts & fixtures of Chama Suspended Bridge** | **1599904.59** | **39000** | 2081/3/04 (18th Jun, 2024) 12:00 am | 2081/3/4(18th Jun, 2024) 2:00 pm |

**Chief Administrative Officer**

**कोकीई स्पा प्रा.लि. को**

**हकदावी गर्न आउने बारे ३५ दिने लिक्वीडेटरको सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७५/०६/२२ मा दर्ता भएको **प्रा.लि. नं. २००५६/०७५/०७६** को **कोकीई स्पा प्रा.लि.** को मिति २०८१/०२/०५ गतेको विशेष साधारण सभाको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदावी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ।

**लिक्वीडेटरः अधिवक्ता संजय कुमार साह, ईजाजत प्र.प.नं. ३५१**
**थापागाउँ, काडमाडौं, सम्पर्क नं. ९८४१४४९३३८, इमेलः advsanjay200@gmail.com**

# सुदूरपश्चिम प्रदेश सरकारको नीति तथा कार्यक्रम प्रस्तुत

**सुनिल आउजी/मध्यान्ह**
धनगढी, २० जेठ

सुदूरपश्चिम प्रदेश सरकारको आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम सार्वजनिक गरिएको छ । प्रदेश प्रमुख नजिर मियाँले आइबार प्रदेश सभा बैठकमा आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम सार्वजनिक गरेका हुन् ।

केही नयाँ र अधिकांश पुरानै कार्यक्रमलाई नीति तथा कार्यक्रममा समेटिएको छ । लामो समयदेखि कानूनी उल्झनका कारण रोकिएको प्रदेशको राजधानी निर्माणको प्रक्रिया अगाडि बढाइने विषय नीति तथा कार्याक्रममा समेटिएको छ ।

प्रदेश प्रमुख मियाँले प्रदेशसभामा आगामी आ.व. २०८१/८२ नीति तथा कार्यक्रम प्रस्तुत गर्दै प्रदेश राजधानी निर्माणको प्रक्रिया अगाडि बढाइने बताएका छन् । सुदूरपश्चिम प्रदेशसभाको २०७५ असोज १२ गते बसेको दोस्रो अधिवेशनको ४६ औं बैठकले कैलालीको गोदावरी नगरपालिकाको वडा नम्बर २ र ४ क्षेत्रमा स्थायी राजधानी बनाउने निर्णय गरेको थियो ।

दुई तिहाइ बहुमतले सो स्थान नै स्थायी राजधानी घोषणा गरी राजधानी सम्बन्धी निर्णय १४ गते प्रदेश प्रमुखबाट प्रमाणित गरिएको थियो । तत्कालीन समयमा प्रदेशसभाको सो निर्णयविरुद्ध सर्वोच्च अदालतमा प्रदेश सरकारलाई विपक्षी बनाएर २ वटा रिट दायर भएका थिए । जसको अझैसम्म किनारा लागेको छैन ।

अधिवक्ता देवीकुमारी जोशी र मनिशकुमार श्रेष्ठसहितका ९ जनाले सामूहिक रूपमा रिट दायर गरेका थिए । कानूनी उल्झनका कारण सो विषयले निकाश पाउन सकेको छैन् । त्यस्तै, प्रदेश सरकारले राजधानीका लागि चाहिने जग्गा भोगाधिकारको लागि केन्द्रीय वन मन्त्रालयमा फाइल पेश गरेको थियो । तर वन मन्त्रालयले भोगाधिकार नदिँदा पनि निर्माणको कार्य अगाडि बढ्न नसकेको हो ।

### एमबीबीएस पढ्न छात्रवृत्ति

सुदूरपश्चिम सरकारले कमैया कमलरी हलियाका बालबालिकालाई एमबीबीएस पढ्न छात्रवृत्ति दिने विषय पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रममा समेटिएको छ । प्रदेश सरकारकाले कमैया कमलरी हलियालाई सीमान्तकृत वर्गका विद्यार्थीलाई एमबीबीएस पढ्न छात्रवृत्ति दिने भएको गरिब, विपन्न, शहीद बेपत्ता र घाइते परिवार, अपाङ्ग, महिला, दलित, मुक्त कमैया कमलरी हलिया, सीमान्तकृत वर्गका छात्रछात्रा तथा जेहेन्दार विद्यार्थीलाई उच्च शिक्षा,चिकित्सा शिक्षातर्फको एमबीबीएस विषय अध्ययन गर्न छात्रवृत्ति दिइने विषयमा आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रममा राखिएको छ ।

### कृषिमा आत्मनिर्भर

सार्वजनिक गरिएको नीति तथा कार्यक्रममा अधिकांश पुरानै कार्यक्रमलाई समेटिएको छ । सुदूरपश्चिम प्रदेशको नीति तथा कार्यक्रममा प्रदेश गौरवका सडक योजनालाई निरन्तरता दिनेदेखि क्रमगत अन्य पूर्वाधार विकास योजनालाई तीव्र रुपमा अघि बढाउने विषय समावेश गरिएको छ । शिक्षा, स्वास्थ्य, खानेपानी, सञ्चार लगायत क्षेत्रको विकासका लागि प्रदेश सरकारले देखिने गरी काम गर्ने विषय नीति तथा कार्यक्रममा राखिएको छ ।

यस्तै 'सरकारले कृषिमा आत्मनिर्भर सुदूरपश्चिमको अभियान' भन्ने नारासहित ५ वर्षभित्र खाद्यन्न, मासु, अण्डा लगायतमा आत्मनिर्भर बन्ने लक्ष्य लिएको छ । निजि क्षेत्रसँगको सहकार्यमा कृषि तथा पशुपालन र बजारीकरण कार्यक्रम लागु गरिने नीति तथा कार्यक्रममा उल्लेख गरिएको छ ।

कृषिमा आत्मनिर्भर बनाउँदै बाहिरिने युवा शक्तिलाई स्वदेशमै स्वरोजगार बनाउने लक्ष्य लिइएको छ ।

स्वास्थ्यतर्फ सेती र महाकाली प्रादेशिक अस्पताल तथा टिकापुर अस्पतालको स्तरोन्नतीसँगै आवश्यक जनशक्ति थपिने कार्यक्रम रहेको छ ।

यस्तै आयुर्वेदिक उपचार पद्धतीको विकास गर्दै प्रादेशिक आयुर्वेदिक चिकित्सालयमा विषेशज्ञ सेवा शुरु गरिने कार्यक्रममा उल्लेख छ । यी सँगै जिल्ला अस्पतालहरुको स्तरोन्नती जनाइएको छ । सुदूरपश्चिम सरकारले कमैया कमलरी हलियाका बालबालिकालाई एमबीबीएस पढ्न छात्रवृत्ति दिने विषय पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रममा समेटिएको छ ।

प्रदेश सरकारकाले कमैया कमलरी हलियालाई सीमान्तकृत वर्गका विद्यार्थीलाई एमबीबीएस पढ्न छात्रवृत्ति दिने भएको छ ।



गरिब, विपन्न, शहीद बेपत्ता र घाइते परिवार, अपाङ्ग, महिला, दलित, मुक्त कमैया कमलरी हलिया र सीमान्तकृत वर्गका छात्रछात्रा तथा जेहेन्दार विद्यार्थीलाई उच्च शिक्षा, चिकित्सा शिक्षातर्फको एमबीबीएस विषय अध्ययन गर्न छात्रवृत्ति दिइने विषयमा आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रमा राखिएको छ ।

शिक्षातर्फ हरेक निर्वाचन क्षेत्र एक नमुना बिद्यालय बनाएर बिकास गरिने उल्लेख छ । साथै बालबिकास शिक्षा लाई समय सुहाउँदो बनाउन नमुना बालकिास कक्षा सञ्चालन गरिने उल्लेख छ ।

कृषिमा जलवायु परिवर्तनको असर न्यूनीकरण गर्न जलवायुमैत्री कृषि गाउँ निर्माण गरिने जनाइएको छ । त्यसैगरी, विपत् प्रभावित किसानका लागि मागमा आधारित कृषि कार्यक्रम लागु गरिने बताइएको छ । प्रदेशमा जयपृथ्वीबहादुर शैक्षिक सुधार कार्यक्रम लागु गरिने सरकारको आगामी नीति रहेको छ। प्रदेश सरकार र स्थानीय तहको साझेदारीमा प्रत्येक प्रदेश सभा निर्वाचन क्षेत्रमा एकरएक विद्यालय छनोट गरी नमूना विद्यालयको बनाइने नीति तथा कार्यक्रम उल्लेख छ ।

यसैगरी, प्रत्येक स्थानीय तहमा एकरएक बाल विकास केन्द्रलाई नमूना बाल विकास केन्द्र बनाउने कार्यलाई निरन्तरता दिइने, परम्परागत र धार्मिक प्रकृतिका विद्यालयको संरक्षण र सुधारका लागि अनुदान दिइने, वादी उत्थान छात्रवृत्ति कार्यक्रमलाई निरन्तरता दिइने, अनुसन्धान एवम् नवप्रवर्तन कार्यक्रमलाई अगाडि बढाइने नीति तथा कार्यक्रममा उल्लेख गरिएको छ। प्रदेश सरकारले प्रदेश स्तरीय संग्रहालयको स्थापना र सञ्चालन गर्ने जनाइएको छ । यसैगरी, थारु समुदायको भलमनसा, बड्घर प्रथाको प्रवर्द्धन गर्ने सरकारको नीति तथा कार्यक्रममा उल्लेख छ ।

स्थानीय तहको समन्वयमा एकीकृत स्वास्थ्य शिविर सञ्चालन गर्ने, नसर्ने रोग नियन्त्रण योजना कार्यान्वयन गरिने जनाइएको छ । ज्येष्ठ नागरिकको स्वास्थ्य समस्या न्यूनीकरणका लागि स्थानीय तहको समन्वयमा विशेष कार्यक्रम सञ्चालन गरिने उल्लेख गरिएको छ । भौतिक पूर्वाधारका क्षेत्रमा गौरवका योजनालाई निरन्तरता दिनुका साथै सडक नपुगेका तीन गाउँपालिकामा सडक सञ्जाल जोड्ने उल्लेख छ ।

साथै सडक सञ्जाल नपुगेका क्षेत्रमा झोलुगें पुल निर्माण कार्यक्रमलाई निरन्तरता दिने उल्लेख छ । त्यस्तै सुदूरपश्चिम प्रदेश राजधानी निर्माण प्रक्रिया अगाडि बढाइने विषय पनि नीति तथा कार्यक्रममा समावेश गरिएको हो । पर्यटकीय सम्भावना भएका धार्मिक तथा पर्यटकीय क्षेत्रको विकास गरी प्रचार-पसार गरिने नीति तथा कार्यक्रममा उल्लेख छ। प्रदेशमा औधोगिक क्षेत्रको विकास गरी स्वदेशमै रोजगारी सिर्जना गर्नेतर्फ सरकारका कार्यक्रम आउने उल्लेख छ। प्रदेश प्रहरीको सगंठन चलायमान बनाउन आवश्यक कार्यक्रम ल्याइने उल्लेख छ ।

### रोकिएको प्रदेश राजधानी निर्माणको प्रक्रिया अगाडि बढ्ने

लामो समयदेखि कानूनी उल्झनका कारण रोकिएको सुदूरपश्चिम प्रदेशको राजधानी निर्माणको प्रक्रिया अगाडि बढाइने भएको छ। सुदूरपश्चिम प्रदेशसभाको २०७५ असोज १२ गते बसेको दोस्रो अधिवेशनको ४६ औं बैठकले कैलालीको गोदावरी नगरपालिकाको वडा नं.२ र ४ क्षेत्रमा स्थायी राजधानी बनाउने निर्णय गरेको थियो । दुई तिहाइ बहुमतले सो स्थाननै स्थायी राजधानी घोषणा गरी राजधानीसम्बन्धी निर्णय १४ गते प्रदेश प्रमुखबाट प्रमाणित गरिएको थियो ।

तत्कालीन समयमा प्रदेशसभाको सो निर्णयविरुद्ध सर्वोच्च अदालतमा प्रदेश सरकारलाई विपक्षी बनाएर २ वटा रिट दायर भएका थिए ।

जसको अझैसम्म किनारा लागेको छैन। अधिवक्ता देवीकुमारी जोशी र मनिशकुमार श्रेष्ठसहितका ९ जनाले सामूहिक रूपमा रिट दायर गरेका थिए । कानूनी उल्झनका कारणले पनि सो विषयले निकास पाउन नसकेको हो । त्यस्तै, प्रदेश सरकारले राजधानीका लागि चाहिने जग्गा भोगाधिकारको लागि केन्द्रीय वन मन्त्रालयमा फाइल पेश गरेको थियो। तर वन मन्त्रालयले भोगाधिकार नदिँदा पनि निर्माणको कार्य अगाडि बढ्न नसकेको हो ।


**हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७८/१०/२१ मा दर्ता भएको **प्रा.लि. नं. २८३१२८** को **मातृभुमि ईन्टरनेशनल इंक प्रा.लि.** को मिति २०८१/०२/०२ गतेमा सम्पन्न विशेष बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्विडेटरः शेर बहादुर रोकाया, इजाजतपत्र नं. २८७, ठेगाना : बबरमहल, काठमाडौं**
**फोन नं. ९७४६४९१७१३, ईमेल** : rokayasherbahadur723@gmail.com



**कर्मचारी आवश्यकता**

यस म्यानपावर कम्पनीको लागि कर्मचारी आवश्यकता भएको हुँदा दक्ष व्यक्तिहरुले आफ्नो योग्यताको प्रमाणपत्रका साथ सम्पर्क गर्नुहोला ।

PRO : 2 (M/F)
Salary: Negotiable

सम्बन्धित क्षेत्रमा २ देखि ३ बर्ष काम गरेको अनुभव हुनुपर्नेछ ।
योग्य उम्मेदवारले आफ्नो बायोडाटा, हालचालै खिचेको पासपोर्ट साइजको फोटोसहित इमेल मार्फत वा तलको फोनमा सम्पर्क गर्नुहोला ।
Please send your CV: nepalworldhr@gmail.com
Mob: 9813037748 | 9849478677

NEPAL WORLD OVERSEAS PVT.LTD
तिनकुने-३२, काठमाडौं, नेपाल, फोनः ०१-५९९२०४४८
श्रम इजाजत नं. १६८२/०८०/०८१
Website: www.nepalworldhr.com



**चौदण्डीगढी नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**बेल्टार, उदयपुर**
**कोशी प्रदेश, नेपाल**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**कार्यालयमा प्रकाशित मितिः २०८१/०२/२०, पत्रिकामा प्रकाशित मितिः २०८१/०२/२१**

उपरोक्त सम्बन्धमा यस नगरपालिकाद्वारा मिति २०८०/१२/२२ गतेको प्रकाशित बिधुतिय बोलपत्र आह्वानको सूचना अनुसार निम्न ठेक्का न. को लागि रितपुर्वक दर्ता हुन आएका बोलपत्रहरु मध्य मुल्यांकन समितिको सिफारिसको आधारमा निम्न बोलपत्रदाताको बोलपत्र न्युनतम मुल्यांकित सारभूत रुपमा प्रभावग्राही भई स्वीकृतीको लागि छनोट गर्ने निर्णय भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ वमोजिम उक्त बोलपत्र स्वीकृत गर्ने आशयको सूचना सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीको लागि प्रकाशित गरिएको छ ।

**तपसिलः**

| सि.न. | ठेक्का नं. | कामको विवरण | स्वीकृतीको लागि छनोट गरिएको बोलपत्रदाताको नाम र ठेगाना | जम्मा कवोल अंक रू. (मु.अ. कर समेत) | कै. |
|---|---|---|---|---|---|
| १ | 10/CGM/080/081 | Supply and delivery of sanitary pads. | Jasmine hygiene products pvt. Ltd. Morang Nepal. | १४,७७,३१२.०५ (चौध लाख, सतहत्तर हजार, तिन सय र बाह्र रुपयाँ र पाँच पैसा) | |

**चौदण्डीगढी नगरपालिका कार्यालय**



**कन्सोलीड इन्जिनियरीङ्ग क्रियशन एण्ड सोलुसन प्रा.लि.**

**खारेज गर्ने सम्बन्धमा लिक्विडेटरको सूचना**

श्री कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौंमा मिति २०७९/०५/१३ मा दर्ता भएको प्रा.लि.नं. २९७६४४/०७९/०८० रहेको प्रा.लि. काठमाडौंको सेयरधनीको मिति २०८१/०२/२१ मा सम्पन्न विशेष साधारण सभाको निर्णयानुसार यस कम्पनीलाई कम्पनी ऐन, २०६३ को दफा १२६ अनुसार कम्पनी खारेज (लिक्विडेसन) मा लैजाने विशेष प्रस्ताव पारित भएकाले कम्पनी ऐन, २०६३ अन्तर्गत रही कम्पनीको खारेजी (लिक्विडेसन) प्रक्रिया सुरु गरिएको छ । तसर्थ कम्पनीले तिर्न व्यहोर्न पर्ने ऋण, धन, अन्य दायित्व एवं कोही कसैसँग कुनै लेनदेन बाँकी भए यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र तल उल्लेखित लिक्विडेटरको कार्यालयमा सम्पर्क राख्नु हुन अनुरोध गरिन्छ । कम्पनी ऐन, २०६३ मा व्यवस्था भए बमोजिम दायित्व भुक्तान गरी बाँकी रहेको जायजेथा कम्पनीका सेयरधनीहरुलाई बाँडिने हुनाले तोकिएको म्यादभित्र दावी नगरिएमा पछि कसैको कुनै प्रकारको दावी नलाग्ने व्यहोरा समेत सबैको जानकारीको लागि सूचित गरिन्छ ।

**लिक्विडेटर, अधिवक्ता : जयराम पराजुली, इजाजत पत्र संख्याः ४५८**



**अधिकतम खुद्रा विक्री मूल्य (MRP) प्रकाशनको सूचना**

यस फर्म/कम्पनीले चाईना/इण्डियाबाट पैठारी गरेको देहायको मालवस्तुहरुको अधिकतम खुद्रा विक्री मूल्य निम्न बमोजिम भएको व्यहोरा सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

**तपसिल**

| सि. नं. | मालवस्तुको विवरण | आकार प्रकार | ब्राण्ड | मोडल | क्षमता | उत्पतिको मूलुक/राष्ट्र | ईकाई | प्रति ईकाई मूल्य | अधिकतम खुद्रा विक्री मूल्य (MRP) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Air Cooler | | JN HITACHI FUJIAN | HF-COL55TDA | 55L | India | PCS | 17100.00 | 17100.00 | |

**जे एन एक्जीम प्रा.लि.** **संतुगल, काठमाडौं** **स्थायी लेखा नं ३०२८६९३०३** **फोन नं ९८०१२३५०८०**



**कतारमा रोजगार** | कम्पनी : BUILDERS ADVANCED ENGINEERING & CONSTRUCTION
शहर : DOHA

पूर्व स्वीकृत मितिः २०८१/०२/२० चलानी नं.: ६०२२०४३४ LT. No.: 305706

| सि. नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Carpenter | 25 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४३,८७२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Reinforce Fitter | 25 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४३,८७२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ जेठ २८ गते (10 June 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**LEADS STAFFING Solutions Pvt. Ltd.**
Gov. Lic. No. 1064/073/074
साविकको नाम (Nassar Overseas Pvt. Ltd.)
Battisputali-9, Kathmandu, Nepal, Tel No.: +977-1-4494112
Email: info@nassaroverseas.com.np | Website: www.nassaroverseas.com.np



**Invitation for Bids (e-bid Only)**

**Gramthan Rural Municipality**

**Date of publication: 2081/02/21**

1. Gramthan Rural Municipality, Office of the Rural municipal Executive, Tetariya, Morang invites electronic bids (Sealed Quotation) from Nepalese eligible bidders for the work as stated in table below.

| Contract ID/ IFB No. | Description | Estimated Amount (inclusive VAT) | Bid Document Fee | Bid Security | Remarks |
|---|---|---|---|---|---|
| GramthanRural/sq/Goods/17-080/81 | Supply and Delivery of Laptop, Desktop Computer, Printer | 10,69,824.93 | 1000 | 30000 | |



GET YOUR eVISA FOR MALAYSIA
Authorized by Government of Malaysia for Visa Processing
Hello Travels Pvt. Ltd.
Say Hello ! to your Destination
Metro Park Building, Third Floor, Uttar Dhoka
Lazimpat-2, Kathmandu, Nepal
+977-1-4419871
+977-9808819329 / 9818827005/ 9746459621
nepal.oscegmail.com
थप जानकारीको लागि QR SCAN गर्नुहोस्
You are one SCAN away from getting your VISA!
TRAVEL THE WORLD
Best Airfare and Wide Variety of Choices
Harvest Moon Travel and Tours (P.) Ltd.
Harvest Moon Building, Gairidhara, Naxal, Kathmandu, Nepal
+977-1-4415574 / 4415526 / 4415517 / 4415442
harvestmoon@mos.co.np
www.harvestmoongroup.com

मध्यान्ह
www.madhyanhadaily.com
२१ जेठ २०८१, सोमबार
3 June 2024, Monday

## सम्पादकीय

# प्रभावकारी छलफलको खाँचो

आगामी आर्थिक वर्ष २०८१/०८२ लागि अर्थमन्त्री वर्षमान पुनले संघीय संसद्को संयुक्त बैठकमा गत १५ जेठमा प्रस्तुत गरेको बजेटमाथि छलफल सुरू भएको छ । आइतबारबाट बजेटमाथि छलफल सुरू भएको हो । दलगत धारणा राखेर सुरू भएको छलफलमा सांसदहरूले बजेटमाथि आफ्नो धारणा राख्नेछन् । संवैधानिक व्यवस्था बमोजिम छलफल सकिएपछि सम्बन्धित मन्त्रीहरूले जवाफ दिनेछन् । सांसदहरूको प्रश्नमा मन्त्रालयगत रूपमा जवाफ दिएपछि संसद्बाट बजेट पारित हुनेछ र कार्यान्वयनमा जानेछ । विगतको नजीर र सत्तारूढहरूको प्रतिबद्धता हेर्दा बजेट पारित नहुनेमा कुनै शंका छैन । किनकि सत्तारूढ दलहरूले बजेट पारित गर्ने निर्णय गरिसकेका छन् । सामान्यतः सरकारसँग बहुमत हुने र सरकार जोगाउन बजेट पारित हुने परम्परा भएकाले पनि बजेटलाई लिएर चिन्ता लिनुपर्ने अवस्था छैन ।

तर बजेटको प्रकृति र विनियोजनको आधारलाई लिएर सत्तारूढ एकमत देखिएका छैनन् । सत्ता साझेदार मुख्य दल नेकपा एमालेकै सांसदहरूले नै बजेटप्रति असन्तुष्टि जनाएका छन् । पार्टी अध्यक्ष केपी शर्मा ओलीले संसदीय दलको बैठक राखेरै बजेटप्रति असन्तुष्टि जनाएका थिए । सत्ता साझेदार दलहरूबीच आवश्यक छलफल हुन नसकेको ओलीको भनाइ थियो । उस्तै गुनासो नेकपा एकीकृत समाजवादीले अघिल्लोपटक गरेका थिए । तर अहिले एकीकृत समाजवादीकै नेता मन्त्री रहेको मन्त्रालयमा धेरै बजेट लगिएकोमा एमाले सांसदहरू असन्तुष्ट देखिन्छन् । यद्यपि एमालेले बजेट पारित गराउने निर्णय गरिसकेको छ । अरू सत्ता साझेदारहरूले पनि बजेट पारित गर्ने निर्णय गरिसकेका छन् ।

यसको अर्थ बजेटमाथि कर्मकाण्डी छलफल हुनेछ र अन्ततः बजेट पारित हुनेछ । किनकि विपक्षी दलहरू नेपाली कांग्रेस, राप्रपा, जसपा नेपाल सहित विपक्षी दलसँगै प्रमुख सत्तारूढ एमालेका सांसदहरूले असन्तुष्टि जनाउँदा बजेटको पक्ष प्रष्ट अल्पमत सांसदहरू हुनेछन् । यद्यपि बजेट पारित हुनेछ र कार्यान्वयनमा जानेछ । जबकी मुलुकलाई चाहिने भनेको प्रभावकारी छलफल हो । जनताको चाहना र संविधानका आधारमा दिने सुझाव समेटेर बजेटमाथि सांसदहरूले सुझाव दिनुपर्ने हो । निर्वाचनमा जनतासँग गरिएको वाचा बमोजिम नीति लिइएको अथवा नलिइएकोबारे सांसदहरूले खबरदारी गर्नुपर्ने हो । तर सबै सांसदलाई खुशी बनाउनेगरी सरकारले बजेट ल्याउने र सांसदहरूले पनि प्रक्रिया पुरा गर्न मात्र बोल्ने प्रवृत्ति यसपटक पनि देखिने भएको छ । यस्तो प्रवृत्तिबाट मुलुक र जनताको हितमा संसदलाई प्रभावकारी बनाउने कार्य प्रोत्साहित हुने देखिदैन ।

# किन हुन्छ भ्रष्टाचार ?

अग्रलेख



● प्रदीप उप्रेती

आर्थिक सरोकारका क्षेत्रमा सधैँ उठ्ने गरेको अहम् प्रश्नको रूपमा आर्थिक विचलनको स्थितिलाई लिन सकिन्छ । कुन यस्तो कारक तत्व छ, जसले मुलुकबाट भ्रष्टाचारजन्य अपराध निर्मूलीकरणको लागि बाधक शक्ति बनेको छ ? के मुलुकको कानूनको भय सम्बद्ध नोकरशाहीतन्त्रमा आबद्ध रहने समूहलाई हुने छैन त ? निश्चितरूपमा गलत आर्थिक क्रियाकलापलाई प्रभावहीन बनाउन राज्यपक्षले कडा कानूनी कारबाही अख्तियारी गर्दै व्यवहारमा उतार्ने जमर्को गरेकै हुन्छ । तथापि, आर्थिक अपराधका क्षेत्रमा भयरहित अवस्थामा झैं कमी नआउनुलाई अर्थपूर्णरूपले हेरिनुपर्ने हुन्छ । परिणाम स्वरूप आय-आर्जित रकम तथा आर्थिक हैसियतमा देखिने असमान व्यवहारलाई राज्यका तर्फबाट समायानुकुल हेक्का राखी कार्य गर्न नसके यस क्षेत्रमा ऋणात्मक प्रभाव पर्ने तथ्यलाई अन्यथा लिन मिल्दैन ।

प्रस्तुत तथ्य मुलुकको लागि दुर्भाग्यपूर्ण लक्षण हुन्, जसले विकास तथा समृद्धिलाई कोशौं–कोश टाढा भगाई गरिबी उन्मुखमार्गमा धकल्ने प्रयास गर्नेछ । आर्थिक अपराधलाई वास्तवमै न्यूनिकरण गर्ने चासो देखाउने हो भने, निजी एवम् सरकारी समूहमा आवद्ध रहने कर्मचारी वर्गलाई दिइँदै आएको न्यून बेतनले न्यूनतम जिविकोपार्जनको आवश्यकता परिपूर्ति हुने वा नहुने भन्ने कुराको अध्ययन गर्नु अत्यन्त जरुरी छ । यस अध्ययनपश्चात निस्कने निष्कर्षसहितको प्रतिवेदनले तत् सम्बन्धमा रहे भएका कमी-कमजोरीलाई औंल्याउँदै आवश्यक रायसहितको परामर्श दिनुपर्ने हुन्छ । जसले आर्थिक अनियमिततालाई कम गर्न धेरै हदसम्म मद्दत पुऱ्याउने छ । किनकी न्यूनतम मानवीय आवश्यकतालाई सम्बद्ध पक्षद्वारा प्रदान गरिएको बेतन मानले परिपूर्ति नहुने अवस्थामा मात्र अतिरिक्त रकमको चाहनाको लालसाले आपराधिक मनस्थितिको अभ्युदय भई भ्रष्टाचार बढ्ने प्रबल सम्भावना रहन्छ । प्रस्तुत अवस्थालाई आर्थिक अपराधको आधारभूमि मान्न सकिन्छ । यस कार्यको न्यूनताको लागि सर्वप्रथम प्रतिबद्धतासहित भ्रष्टाचार रहित दृढ इच्छाशक्तिले यस क्षेत्रमा परिणाममुखी नतिजा हासिल गर्न सकिनेछ ।

जसका लागि उच्चस्तरको कार्यदक्षतासहितको प्रशासनयन्त्रको आवश्यकता पर्नेछ । मुलुकमा अपवाद बाहेक आज प्रयत्न यसको न्यूनता रहेको पाइन्छ । जसको अभावमा जवाफदेहिताको पूर्णरूपमा कार्यान्वयन हुन सक्दैन । कर्मचारीतन्त्रमा रहेको प्रलोभनको कारण तत्काल लाभ प्राप्ति हुने कार्यलाई प्रमुख प्राथमिकतामा राखेर कार्य गर्ने प्रवृत्तिको विकास भए अन्ततः आर्थिक अपराधलाई नै प्रोत्साहित गर्नेछ । परिणाम स्वरूप राष्ट्रसेवक वा निजी क्षेत्रमा कार्यरत कर्मचारी समुदायको स्रोत रकममा नै अपत्यारिलो ढङ्गले अभिवृद्धि हुने अवस्था सिर्जना हुने देखिन्छ । प्रस्तुत अवस्थालाई भ्रष्टाचारजन्य अवस्था मान्दा फरक नपर्ला । जसको प्रभाव स्वरूप तत्काल लाभ प्राप्त नहुने कार्यको लागि आफूभन्दा तल्लो निकायलाई जिम्मेवारी हस्तान्तरण गर्ने प्रवृत्तिको विकास हुने प्रबल सम्भावना रहन्छ ।

यस प्रकारका गतिविधिलाई मूलतः अतिरिक्त अर्थोपार्जनको दुषित मनसायबाट प्रेरित कार्यगत व्यवहार मान्दा फरक नपर्ला । तत् समय सम्बद्ध कनिष्ठ प्रशासनयन्त्रमा आबद्ध रहने समूहमा हिनतामुखी मनोवैज्ञानिक गन्थ्रीको प्रभाव स्वरूप गैह्रजिम्मेवारीपनको अभिवृद्धि भई उपल्ला तहका निकायलाई असहयोग गर्ने बानीको विकास हुन गई एउटै प्रशासनिक निकायमा आबद्ध रहने समूहमा समेत विश्वासको संकट पर्न जानेछ । जसको नकारात्मक असर सेवाग्राही वर्गमा नै पर्नेछ । जुन निश्चितरूपमा गरिबीको कारण उत्पन्न आर्थिक आपराधिक मनोदशाका सफल उदाहरणका रोचक पक्ष मात्र हुन् ।

प्रशासनयन्त्रमा रहने यस प्रकारका नकारात्मक व्यवहारले एक पक्षले अर्को पक्षलाई गुपचुप राखी कार्य गर्ने प्रवृत्तिको अत्यधिक विकास हुन गई भ्रष्टाचारजन्य अपराधलाई घोषित-अघोषितरूपमा मौलाउन प्रोत्साहित गर्नेछ । यस प्रकारको द्वन्द्वले अन्ततः तहगत आधार दिइएको जिम्मेवारीलाई सम्बद्ध पक्षले अहमताको प्रश्न बनाई कार्यकुशलताको क्षेत्रमा प्रश्न चिन्ह खडा गर्दै एक आपसमा दोषारोपण गर्ने बानीको विकास हुन गई सम्पूर्ण नोकरशाही समूहमा गैरजिम्मेवारीपनको




*आर्थिक अपराधजन्य भ्रष्टाचारलाई न्यूनीकरण गर्न सदाचारमा आधारित रहँदै सम्बद्ध प्रशासनिक व्यक्तित्वले आफ्नो नैतिक दायित्वलाई समायानुकूल सुधार गर्दै दिइएको जिम्मेवारीप्रति सकारात्मक जवाफदेहितासहितको कार्यदक्षतालाई व्यवहारमा उतार्ने चेष्टा गर्नुपर्ने हुन्छ । जसको सफल प्रयोगबाट मात्रै आर्थिक अपराधको दरमा न्यूनीकरण हुन जान्छ ।*

खतरालाई नजरअन्दाज गर्न मिल्दैन । यस प्रकारका घटनाक्रमको अभिवृद्धि राज्यपक्षद्वारा सञ्चालित प्रशासनिक समूहमा मात्र सीमित नरही अहम् मानसिकताको चर्को प्रभावको कारण निजी एवम् गैरसरकारी निकायलाई समेत अछुतो राख्न सकेको छैन । मुलुकका विविध क्षेत्रमा कायम रहँदै आएको प्रस्तुत गलत क्रियाकलाप आर्थिक अपराधका सहयात्री हुन् भन्दा फरक नपर्ला ।

आर्थिक अपराधजन्य भ्रष्टाचारलाई न्यूनिकरण गर्न सदाचारमा आधारित रहँदै सम्बद्ध प्रशासनिक व्यक्तित्वले आफ्नो नैतिक दायित्वलाई समायानुकुल सुधार गर्दै दिइएको जिम्मेवारीप्रति सकारात्मक जवाफदेहितासहित कार्यदक्षतालाई व्यवहारमा उतार्ने चेष्टा गर्नुपर्ने हुन्छ । जसको सफल प्रयोगबाट मात्रै आर्थिक अपराधको दरमा पक्कै पनि धेरै हदसम्म न्यूनीकरण हुँदै जानेछ । यस अवस्थापश्चात गलत आर्थिक चलखेललाई कानूनी दायराभित्र ल्याउने संकल्प गर्नु राज्यको दायित्व हो । तर, नेपालको हकमा प्रभावकारी कार्यान्वयन पक्ष फितलो रहन गएको हुँदा जस्तोसुकै आर्थिक अपराध गरे पनि अन्तिम न्याय प्राप्त गर्ने सुरक्षित संस्था भनेको सम्मानित न्यायालय नै भएको हुँदा सोलाई समेत आफू अनुकुलको प्रभावमा पारी निर्णयहरू गराउँदछौं भन्ने दुषित आत्मविश्वास हावी भएकै कारण आर्थिक अपराधका दरहरूमा सकारात्मक गतिशीलताको प्रभाव देख्न नसकिएको मात्र हो । यसलाई विशुद्ध दरिद्र मानसिकताको प्रभाव मान्दा फरक पर्ने छैन ।

